# स्थानीय राजपत्र

**शुद्धोधन गाउँपालिका, रूपन्देहीद्वारा प्रकाशित**

**खण्डः ३, शुद्धोधन गाउँपालिका, असार १२ गते, २०७७ साल, संख्याः २**

## भाग–१

## शुद्धोधन गाउँपालिका, रूपन्देही

शुद्धोधन गाउँपालिकाको सातौं गाउँ सभाले बनाएको तल उल्लेख भए बमोजिम ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**संवत् २०७७ सालको ऐन नं. २**

**ऐनको नाम : शुद्धोधन गाउँपालिकाको विनियोजन ऐन, २०७७**

शुद्धोधन गाउँपालिकाको आर्थिक बर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोष बाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन-२०७७

**प्रस्तावनाः** शुद्धोधन गाउँपालिकाको आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम सातौं गाउँ सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम शुद्धोधन गाउँपालिकाको विनियोजन ऐन, २०७७ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७७।०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

१) आर्थिक वर्ष २०७७/०७८ को निमित्त शुद्धोधन गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.५५,३१,६६,०००। (अक्षेरुपी पचपन्न करोड उकतिस लाख छैसट्ठी हजार रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ । तर गत बर्षको अल्या, अन्तरसरकारी हस्तान्तरण तथा अन्य कोष खाताका रकम खर्च कानून बमोजिम हुनेछ । ससर्त तर्फ र समपूरक तर्फको रकम समेत प्रचलित कानूनको अधिनमा रहि खर्च गरिनेछ ।

**३. विनियोजनः**

१) यस ऐनद्धारा सञ्चितकोष बाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/०७८ को निमित्त शुद्धोधन गाउँपालिको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ। आ.व. २०७७/०७८ को व्ययको विवरण अनुसूची १ मा समावेश गरिएको छ ।

अनुसूची-१

## ख) शुद्धोधन गाँउकार्यपालिकाद्वारा आगामी आ.व. ०७७/७८ को अनुमानित ब्ययको प्रक्षेपण

| सि.नं. | विवरण | बजेट | कैफियत |
|---|---|---|---|
| १ | गापास्तरीय चालू खर्च | ६९२७०००० | |
| | जम्मा | ६९२७०००० | |
| २ | आर्थिक विकास तर्फको खर्च | | |
| | गापास्तरीय कृषि विकास कार्यक्रम | ५६९०००० | |
| | पशूविकास कार्यक्रम | ६६२३००० | |
| | गापास्तरीय सहकारी तर्फ | ५००००० | |
| | गापास्तरीय सामूदायिक विकास कोष | २०००००० | |
| | वडास्तरीय | ६७००००० | |
| | जम्मा | २१५१३००० | |
| ३ | सामाजिक विकास तर्फको खर्च | | |
| | गापास्तरीय शिक्षा | १४८६६००० | |
| | गापास्तरीय स्वास्थ्य | ७६४२००० | |
| | गापास्तरीय आर्यूवेद | १४००००० | |
| | वडास्तरीय | ८९००००० | |
| | जम्मा | ३२८०८००० | |
| ४ | पुर्वाधार विकास तर्फको खर्च | | |
| | गापास्तरीय पूजीगत | ६३७५०००० | |
| | गापास्तरीय खानेपानी | ३३२५००० | |
| | वडास्तरीय | ५००५०००० | |
| | जम्मा | ११७१२५००० | |
| ५ | सुशासन तथा संस्थागत विकास तर्फको खर्च | | |
| | लक्षित वर्गका कार्याक्रम | ३६००००० | |
| | वडास्तरीय | २३५०००० | |
| | न्यायिक शाखा | ७००००० | |
| | जम्मा | ६६५०००० | |

| सि.नं. | विवरण | बजेट | कैफियत |
|---|---|---|---|
| ६ | **बन, वातावरण तथा विपद व्यवस्थापन विकास तर्फको खर्च** | | |
| | दमकल तथा विपद व्यवस्थापन र नदीको वातावरण प्रभाव मुल्याङकन | ५०००००० | |
| | गाउपालिका स्तरीय भू संरक्षण तथा नदी व्यवस्थापन | ७२००००० | |
| | वडास्तरीय | २०००००० | |
| **जम्मा** | | १४२००००० | |
| **गाउंपालिकाको जम्मा खर्च बजेट** | | २६१५६६००० | |
| | संघीय सरकार सर्शत अनुदान | १७३८००००० | |
| | संघीय सरकार विषेश अनुदान | १५०००००० | |
| | सूचना तथा प्रविधि अधिकृतको तलव | ४५०००० | |
| | प्रदेश ५ सर्शत अनुदान | १४८५०००० | |
| | प्रदेश ५ विशेष अनुदान | ६०००००० | |
| | सडक बोड | १०००००० | |
| | सामाजिक सुरक्षा भत्ता | ७५०००००० | |
| | तराइ मधेश समृद्धि कार्यक्रम | ५५००००० | |
| **सर्शत तर्फको जम्मा खर्च बजेट** | | २९१६००००० | |
| **कूल जम्मा खर्च** | | ५५३१६६००० | |

प्रमाणिकरण मितिः २०७७/०३/११

आज्ञाले
**अनन्तपाणि मरासिनी**
प्रमुख प्रशासकीय अधिकृत